# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असोज ११ गते २०५७ साल (अतिरिक्ताङ्क ३६ (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी डोल्पा जिल्लाको सदरमुकाम दुनैमा २०५७ साल असोज ८ गते केही स्थानीय सरकारी कार्यालयहरू र नेपाल बैंक लिमिटेडको स्थानीय कार्यालयसमेतमा घटेको घटना र सोबाट भएको जनधनको क्षतिसम्बन्धी विषयमा जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाई राय ठहरसाथ श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्न देहायबमोजिमका अध्यक्ष र सदस्य रहेको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम तोकेको छ ।

(१) आयोगको गठनः आयोगमा देहायबमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्ः–

(क) श्री मधुसूदनप्रसाद गोर्खाली, काठमाडौं – अध्यक्ष

(ख) डा. श्री विनोदकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय – सदस्य

(ग) श्री मोहनप्रसाद वन्जाडे, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

डोल्पा जिल्लाको सदरमुकाम दुनैंमा २०५७ असोज ८ गते घटेको घटना र सोबाट भएको जनधनको क्षतिसम्बन्धी विषय र उक्त घटनाका सम्बन्धमा सुरक्षासँग सम्बन्धित सबै निकायहरुको समेत भूमिका, कमी–कमजोरी र त्रुटिलगायत आवश्यक सम्पूर्ण पक्षका सम्बन्धमा प्रचलित नेपाल कानून अनुसार, तहकिकात तथा अभियोजन लगायतका फौजदारी मुद्दाका काम कारवाहीमा बाधा नपर्ने गरी छानबीन र जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाई राय ठहरसाथ प्रतिवेदन पेश गर्ने ।

(३) आयोगको कार्यावधिः आयोगको कार्यावधि आयोगले कार्यारम्भ गरेको मितिले १५ दिन हुनेछ ।

आज्ञाले,
पदमप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार ,काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।